# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ सा.प्र.म.शा.
च.नं. ६४८८

मिति २०७६/०३/०८

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०३/०६ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

०७६।३।८

(कुलबहादुर जी. सी.)
उप-सचिव

**बोधार्थः**

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्नु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056 520167 521467 520963 526951 523253 525771 Fax: 056 520014

प्रमुख

# नगर कार्यपालिकाको २९औं बैठकका निर्णयहरु

१. चौथो नगरसभाको तयारी सम्वन्धमा बैठकमा जानकारी गराइयो । साथै नगरसभालाई थप प्रभावकारीरुपमा सञ्चालन गर्नका लागि विभिन्न पक्षका सम्वन्धमा बैठकमा छलफल भयो ।

२. राजश्व परामर्श समितिको प्रतिवेदन बैठकमा पेश भई सुझाव संकलन सहित अनुमोदन गरियो ।

३. आ. व. ०७६/७७ को नीति, कार्यक्रम र बजेट सम्वन्धमा मूलत: प्राथमिकीकरणका क्षेत्रहरु र वजेट तयारीको अद्यावधिक अवस्था सम्वन्धमा बैठकमा जानकारी गराइयो । साथै बजेटको खाका तयार गरी आगामी कार्यपालिका बैठकबाट पारित गर्ने निर्णय गरियो ।

४. चौथो नगरसभामा पेश हुने विधेयकहरु सम्वन्धमा बैठकमा जानकारी गराइयो ।

५. नगर सभा सदस्यहरुको बैठक भत्ता एवं वडासमितिको बैठक भत्ता सम्वन्धमा प्रदेश नं ३ बाट निर्मित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्वन्धी ऐन, २०७५ को प्रतिकूल नहुनेगरी नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

६. भरतपुर महानगरपालिकामा कार्यरत नगर प्रहरी, सुरक्षा गार्ड तथा दमकल शाखामा कार्यरत कर्मचारीले आवधिकरुपमा पाउने सुविधाका साथै करार एवं ज्यालादारीमा कार्यरत कर्मचारीले पाउने सुविधा सम्वन्धमा देहायवमोजिमको प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो :

| सि नं | जनशक्तिको किसिम | प्रस्तावित सुविधा | कैफियत |
|---|---|---|---|
| १ | नगर प्रहरी र सुरक्षा गार्ड | • प्रत्येक तीन वर्षमा प्रतिव्यक्ति कम्बल २ थान, आर्मी ज्याकेट १ थान, उनीको पायण्ट १ थान ।<br>• प्रत्येक २ वर्षमा पाउने गरी प्रतिव्यक्ति छालाको बुट १ जोर, उनीको मोजा १ जोर, उनीको जर्सी १ थान, तन्ना १ थान, दरी १ थान, झुल १ थान, छालाको पन्जा सुरक्षा गार्डलाई मात्र १ जोर ।<br>• प्रत्येक ६ महिनामा पाउने गरी प्रतिव्यक्ति भिष्टा जुत्ता १ जोर, मोजा १ जोर, टिसर्ट १ थान, तौलिया १ थान, | विगतमा पनि परिषदको निर्णयबाट सुविधाहरुको खर्च लेख्ने गरिएको र सुरक्षामा खटिने जनशक्तिलाई |

| | | | |
|---|---|---|---|
| | | गणेशकर्ड १ थान, सिटी एवं सिटी कर्ड १ थान, क्याप टोपी १ थान, आर्म व्याच १ थान, बुट पोलिस (ब्रससहित) १ थान, पित्तल पोलिस १ थान, कुम व्याज १ थान र बेल्ट १ थान । | नेपाल प्रहरी सरह सुविधा दिनु उपयुक्त हुने । |
| २ | करार र ज्यालादारीमा कार्यरत कर्मचारीको सुविधा | • म्याद थप भई वा लगातारुपमा १ वर्षभन्दा बढी अवधिसम्म कार्यरत रहेको कर्मचारीको हकमा असार महिनामा पोशाक भत्ता र त्यसपछि हरेक दशैं पर्ने महिनाको तलवसँगै चाडपर्व खर्च वापत १ महिना वरावरको तलव थप दिइने । | स्थायी कर्मचारी र अन्य कर्मचारीकावीच विभेद देखिएकोले |

७. रामजानकी बालिका आश्रम देवघाटका लागि साविकमा देवघाट क्षेत्र विकास समितिले समेत उपलव्ध गराएको ५ कठ्ठा जग्गा भोगचलनका लागि उपलव्ध गराउने निर्णय गरियो ।

८. २०७६ असार १५ गतेसम्म सम्झौता हुन नसकेका वडास्तरीय वा नगरस्तरीय आयोजनाहरुको रकम फ्रिज गर्ने निर्णय गरियो ।

९. कार्यप्रारम्भ भएतापनि विभिन्न कारणले कार्यसम्पन्न हुन वाँकी आयोजनाहरुको २०७६ असार २५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

विविध निर्णयहरु

१. साविकदेखि नै स्थानीय तहमा कार्यरत कर्मचारीहरुको वृत्ति विकास सम्वन्धमा योग्यता र कार्यअवधि हेरी आवश्यक निर्णयका लागि नगरसभामा प्रस्ताव पेश गर्ने र सभाको निर्णय समेत संलग्न राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

२. खगेरी खोला क्षेत्रमा नदीजन्य पदार्थको लागि लगाइएको ठेक्का सीमाविवादका कारण समय अगावै स्थगन गर्न ठेकेदार पक्षबाट माग भै आएको सन्दर्भमा नदीजन्य पदार्थको अनुगमन समितिका ३ जना सदस्य र प्राविधिक समेतको अनुगमन प्रतिवेदन लिई आवश्यक निर्णय लिने निर्णय गरियो।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

प्रमुख

३. महानगरका २९ वटै वडाले अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि वजेट विनियोजन गर्ने निर्णय गरियो ।

४. लेखा समिति गठनका लागि आवश्यक तयारी गरी नगरसभामा एजेण्डा प्रस्ताव गर्ने निर्णय गरियो ।

५. केही वडाहरुको सीमावर्ती क्षेत्रमा पायक पर्ने वडामा मतदाता तथा बस्तीलाई समाहित गर्न सम्वन्धित वडाबाट समेत सिफारिस प्राप्त गरी नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

६. वडा नं ७ स्थित गौतम चोकदेखि शिवालय चोक सडक स्तरोन्नति, मर्मत तथा नयाँ निर्माणका सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट औंल्याइएका त्रुटीहरु उपभोक्ता समितिमार्फत नै सच्याउन लगाई सो को प्रतिवेदनसमेत आयोगमा पठाइसकिएको सन्दर्भमा प्राविधिक नापजाँच बमोजिम हुन आउने बाँकी रकमको भुक्तानी प्रकृया अघि वढाउने निर्णय गरियो ।

७. लायन्सचोकस्थित महानगरको जग्गामा "भरतपुर मेट्रो प्लाजा" निर्माण गर्नका लागि महानगरपालिकाको तर्फबाट २० प्रतिशत लागत सहभागिता रहने र बाँकी नगर विकास कोषको ऋण सहयोग प्राप्त गर्ने गरी पेश भएको आयोजना विकास प्रस्ताव स्वीकृत गरी नगर विकास कोषमा पठाउने निर्णय गरियो । साथै उक्त परियोजनाका लागि आ ब २०७६/७७ को बजेटमा वार्षिक हिसावले महानगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने २० प्रतिशत हिस्साको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने निर्णय समेत गरियो ।

२०७६।३।८
प्रमुख